# हिमालयन डिष्टिलरी लिमिटेड, पर्साको

## २०(वीसौं) वार्षिक साधारण सभाको विवरण

यस कम्पनीका संचालक समितिका अध्यक्ष श्री अखिलेश्वर प्रसाद सिंहको सभापतित्वमा मिति २०७७ साल पौष २९ गते (13th, January 2021) वुधवार विहान १०:०० बजे कम्पनीको रजिर्ष्टड कार्यालय, लिपनिविर्ता पर्सामा सम्पन्न भएको **वीसौं बार्षिक साधारण सभाको** निर्णयहरु र अन्य कामकारवाही समेतको निर्णय पुस्तिका (माईन्युट) देहाय बमोजिम रहेको छ ।

**१. उपस्थितिः**

**(क) सभामा उपस्थित संचालकहरु :**

| | |
|---|---|
| १. श्री अखिलेश्वर प्रसाद सिंह | अध्यक्ष |
| २. श्रीमती याङकिला (शेर्पा) रुईट | संचालक |
| ३. श्री शंकरराज पाण्डे | संचालक |
| ४. श्री साण्टु श्रेष्ठ | संचालक |
| ५. श्री प्रकाशमणी घिमिरे | संचालक |

**(ख) अन्य पदाधिकारीहरु :**

| | |
|---|---|
| १. श्री महेश प्रसाद पोखरेल | प्रमूख कार्यकारी अधिकृत |
| २. श्री नेत्र प्रसाद तिम्सीना | कम्पनी सचिव |

(ग) यस कम्पनीको वीसौं वार्षिक साधारण सभामा जम्मा ७,३५२ (फिजिकल एण्ड डिम्याट समेत) जना शेयरधनी सहभागी र मतदान गर्न योग्य हुनु रहनु भएको ।

**(घ). शेयरधनीहरुको प्रतिनिधित्व प्रतिशतः**

सभामा स्वयंम वा प्रोक्सी/प्रतिनिधि मार्फत ८०.०६ प्रतिशतको उपस्थिती रहेको ।

**(ङ) गण पुरक संख्या तथा सभाको बैधानिकता :**

कम्पनी ऐन २०६३ को दफा ६७(२) बमोजिम सभा हुने ठाऊ, मिति, समय र छलफल गर्ने बिषय खोलि सबै शेयरधनीहरुलाई जानकारीका लागि कम्पनी ऐन २०६३ को दफा ८४(४) बमोजिम संक्षिप्त वार्षिक आर्थिक विवरण र साधारण सभा सम्वन्धि सूचना समेत राष्ट्रिय दैनिक पत्रिकामा दुई पटक प्रकाशित गरि सूचित गरिएको साथै कम्पनी ऐन २०६३ को दफा ७३ बमोजिम सभा संचालनका लागी वांडफांड भएको कूल शेयर शंख्याको न्यूनतम ५० प्रतिशत भन्दा वढि शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये ३ (तीन) जना स्वयं वा आफनो प्रतिनिधी मार्फत उपस्थित हुनु पर्ने व्यवस्था रहेको । यसै गरि कम्पनीको नियमावलीको नियम १३ (ग) ले साधारण सभामाको गणपुरक शंख्याको लागि ६७ प्रतिशत शेयरको प्रतिनिधित्व हुने र कम्तीमा ७ जना शेयरवाला वा निजका प्रतिनिधी उपस्थिती हुनु पर्ने उल्लेख भए अनुसार प्रस्तुत सभामा शेयरधनीका प्रतिनिधि एवं स्वयंम गरी ५९ जनाको उपस्थिती रहेको शेयरधनी उपस्थित पुस्तिकाबाट देखिन आएको हुनाले कम्पनी ऐन

तथा कम्पनी नियमावलीमा तोकिए भन्दा वढि शेयरवाला तथा शेयरधनीहरुको उपस्थिती रहेको हुनाले गणपुरक शंख्या पुगेको र यो सभा कम्पनी ऐन र नियमावली बमोजिम वोलाईएको कुरा यकिन गरियो र कम्पनी ऐन, २०६३ अनुसार सभा वैधानिक भएको जानकारी गराईयो ।

(२) **छलफलका विषयहरु :**

(क). **सामान्य प्रस्तावहरु :**

१. आ.व.२०७६।०७७ को संचालक समितिको वार्षिक प्रतिवेदनलाई पारित गर्ने ।

२. कम्पनीको आ.ब.२०७६/०७७ को वासलात, नाफा–नोक्सान हिसाब र नगद प्रवाह हिसाब सहितको लेखा परीक्षण प्रतिवेदन स्वीकृत गर्ने ।

३. यस कम्पनीको सहायक कम्पनी हिमालयन मल्टी एग्रो लि. र हिमालयन फिसरीज लि. को आ.व. २०७६।०७७ को वित्तीय विवरण सहितको एकिकृत (Consolidated) वित्तीय विवरणलाई स्विकृत गर्ने ।

४. संचालक समितिले सिफारिस गरे बमोजिम हाल कायम चुक्ता पूंजिंको ५० प्रतिशतले हुने आउने नगद लाभांश रु. २८,९२,३४,१२५(अक्षरुपी अठ्ठाइस करोड वयानव्वे लाख चौतिस हजार एक सय पच्चिस मात्र) (लाभांश कर प्रयोजनार्थ समेत) वितरण गर्न स्विकृत गर्ने ।

५. लेखा परीक्षण समितिको सिफारिस बमोजिम आ.व.२०७७/०७८ का लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने । (सिफारिस भएका एन अमात्य एण्ड कम्पनी, चार्टण्ड एकाउण्टेण्डस् पुनः नियुक्तीका लागि कम्पनी ऐन, २०६३ को दफा १११(३) बमोजिम योग्य हुनु हुन्छ ) ।

६. संचालक समितिले सिफारिस गरे बमोजिम कम्पनी र फुड एण्ड वेभरेज टेक्नोलोजी रिसर्च सेन्टर प्रा.लि.वीचको संसोधित करारनामालाई स्विकृत गर्ने ।

७. संचालक समितिका सदस्यहरुको वैठक भत्ता वृद्धि गर्न स्विकृत गर्ने वारे ।

८. संचालक नियुक्तीलाई अनुमोदन गर्ने वारे ।

(ख). **विषेश प्रस्तावहरु:**

१. कम्पनीको जारी पूजिं वृद्धि गर्न स्विकृत गर्ने वारे ।

२. संचालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पूजिंको ५० प्रतिशतका दरले हुने रु. २८,९२,३४,१२५(अक्षरुपी अठ्ठाइस करोड वयानव्वे लाख चौतिस हजार एक सय पच्चिस मात्र) ( कायम दुई शेयरमा एक वोनस शेयर) वरावरका बोनस शेयर वितरण गर्न स्विकृत गर्ने ।

३. कम्पनीको प्रवन्ध पत्रको दफा ५(ख), ५(ग) र नियमावलीको नियम ५(ख), नियम ५(घ), नियम ५(ङ), नियम ६, नियम ६(क), नियम १३(ग), नियम १३(ङ), नियम १३(ण) को (छ) मा संसोधन तथा थप व्यवस्था कायम गर्ने ।

४. वोनस शेयर वितरणबाट कम्पनीको साविक चुक्ता पूंजिं रु.५७,८४,६८,२५० (अक्षरुपी सन्ताउन्न करोड चौरासी लाख अड्सठ्ठी हजार दुई सय पचास) लाई वृद्धि गरी रु.८६,७७,०२,३७५।०० ( अक्षरुपी छयासी करोड सत्तहत्तर लाख दुई हजार तीन सय पचहत्तर) वनाउन प्रवन्ध पत्र तथा नियमावलीमा शंसोधन गर्ने।

५. कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा हुने संसोधन र जारी पूजिं वृद्धि सम्वन्धि भएको निर्णय बमोजिमको संसोधन सम्वन्धमा नियमनकारी निकायबाट कुनै फेरवदल सुझाव आएमा सो सुझाव अनुसार गर्न संचालक समितिलाई अख्तियार प्रदान गर्ने ।

६. आ.व.२०७७।०७८ को लागि कम्पनी ऐन २०६३ को दफा १०५ (ग) ले व्यवस्था गरे भन्दा वढिको खर्चलाई पूर्व स्विकृतीको लागि विषेश प्रस्ताव पारित गर्ने ।

**(ग). विविध ।**

३. **सभाको आरम्भ** : मिति २०७७।०९।०२ मा वसेको संचालक समितिको निर्णयबाट प्रस्ताव गरिए बमोजिम विसौं वार्षिक साधारण सभामा छलफलका लागि उल्लेखित प्रस्तावहरु निर्णयार्थ पेश गरिएको व्यहोरा सभालाई कम्पनी सचिवले जानकारी गराउनु भयो ।

४. **प्रतिवेदन प्रस्तुत** : यस कम्पनीको सभामा प्रस्तुत गरिएका उपरोक्त विषयहरुको सन्दर्भमा सभाका अध्यक्ष श्री अखिलेश्वर प्रसाद सिंहले सभामा उपस्थित शेयरधनी एवं उपस्थित कम्पनीका प्रतिनिधिहरुलाई स्वागत अभिवादन गर्दै सर्व प्रथम संचालक समितिको तर्फबाट आ.व. २०७६।०७७ को लेखा परीक्षकको प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाव, नाफा नोक्सान वाडफाड हिसाव, नगद प्रवाह विवरण, हिमालयन मल्टी एग्रो लिमिटेड र हिमालयन फिसरीज सहितको एकिकृत विवरण आदि सहितको संचालक समितिको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो ।

५. **प्रस्तुत प्रतिवेदनमा शेयरधनी ज्यूहरुको राय, सुझाव, मन्तव्य र जिज्ञासा:** प्रस्तुत प्रतिवेदनहरुमा कम्पनीका शेयरधनी एंव शेयरधनीका प्रतिनिधि श्री महेश पौडेलले कम्पनीको विवधि पक्षमा आफनो राय, सुझाव, मन्तव्य र जिज्ञासा राख्नु भयो । निज शेयरधनीले यस्तो विषम अवस्थामा समेत कम्पनीले सफलता हासिल गरी शेयरधनीहरुलाई लाभांस वितरण गर्न सफल भएकोमा खुशि व्यक्त गर्दै आगामि दिनहरुमा पनि मेहनतका साथ अघि वढ्नका लागि शुभकामना प्रदान गर्नु भयो ।

उत्पादन मूलक उद्योग भएकोले उत्पादित वस्तुहरुको गुणस्तर उच्च हुनु पर्ने, उपभोक्ताको मन जित्नु पर्ने मूल व्यवसायिक आवश्यक्तालाई ध्यानमा राखी मदिराको उत्पादन, विकाश र गुणस्तरको सुनिश्चितताका एंव प्रयोग हुने कच्चा पदार्थ प्रलेवरको गुण्स्तरीय पुर्तिका लागि फुड एण्ड वेभरेज टेक्नोलोजि रिसर्च सेन्टर प्रा.लि. संग सहकार्य गरी अघि वढ्दै जाने गरी सम्झौता प्रस्ताव भएको कुरालाई कम्पनीको दीर्घकालिन हितको लागि दुरदर्शिताको रुपमा लिएको सभामा जानकारी गराउनु भयो ।

अझै पनि महामारीको अवस्था विद्यमान नै भएको अवस्थामा व्यवसाय प्रभावमा पर्ने संम्भवना रहेको हुनाले आगामि चुनौतिहरु र व्यवसायमा पर्न सक्ने प्रभावलाई न्यूनिकरण गर्न कम्पनीले अयामी बर्षको लागी कस्तो रणनीति लिएको छ ? नयां नयां उत्पादनहरु वजारमा आई रहेको विषयमा कम्पनीका योजनाहरु के रहेको छ भनी जिज्ञासा राख्नु भयो ।

क. **शेयरधनीहरुको राय, सुझाव, मन्तव्य र जिज्ञासा:** शेयरधनीबाट राखेका जिज्ञासालाई संचालक समितिका अध्यक्ष तथा यस सभाका सभापतिले कम्पनीले महामारीको प्रतिकुल अवस्थामा पनि अति नै सम्वेनशील भएर कार्य गरेको र आउने परिस्थितीलाई पनि अति संवेदनशील र सजग भएर कार्य गर्ने जानकारी गराउनु भयो । साथै कम्पनीले आगामि दिनमा नयां एवं गुणस्तरीय ब्राण्डको मदिरा उत्पादन गरी उपभोक्ता माझ जाने साथै चालु ब्राण्डका लागी समय सप्रेक्ष बजारीकरणको रणनितीका साथ कार्य गर्ने योजना रहेको स्पष्ट पार्नु भयो । साथै शेयरधनीहरुले यस सभामा दिनु भएका सुझावको लागि आभार प्रकट गर्दै प्राप्त उपयोगी राय सुझावहरुलाई गम्भीरता पुर्वक मनन गरिने जानकारी सभामा गराउनु भयो ।

**६. सभाबाट भएका निर्णयहरु :**

**क. सामान्य प्रस्तावहरु:**

१. **आ.व.२०७६।०७७ को संचालक समितिको वार्षिक प्रतिवेदनलाई पारित गर्ने :** प्रस्तुत प्रतिवेदन उपर सभामा विस्तृत छलफल भई सर्व सम्मतीबाटपारित गर्ने निर्णय गरियो ।

२. **कम्पनीको आ.ब.२०७६/०७७ को वासलात, नाफा–नोक्सान हिसाब र नगद प्रवाह हिसाब सहितको लेखा परीक्षण प्रतिवेदन स्वीकृत गर्ने :** लेखा परीक्षकको प्रतिवेदन सहितको २०७७ अषाढ मसान्त सम्मको वासलात तथा आ.व. २०७६।०७७ को नाफा–नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका वार्षिक वितीय विवरण उपर छलफल गरि सर्व सम्मत रुपमा स्विकृत गर्ने निर्णय गरियो ।

३. **यस कम्पनीको सहायक कम्पनी हिमालयन मल्टी एग्रो लि. र हिमालयन फिसरीज लि. को आ.व. २०७६।०७७ को वित्तीय विवरण सहितको एकिकृत (Consolidated) वित्तीय विवरणलाई स्विकृत गर्ने :** यस कम्पनीको सहायक कम्पनीहरु:, हिमालयन मल्टी एग्रो लिमिटेड र हिमालयन फिसरीज लिमिटेडको आ.व.२०७६/०७७ को वितीय विवरण सहितको एकिकृत (Consolidated) वित्तीय विवरण माथि छलफल गरी सर्व सम्मत रुपमा स्विकृत गर्ने निर्णय गरियो ।

४. **संचालक समितिले सिफारिस गरे बमोजिम हाल कायम चुक्ता पूंजिको ५० प्रतिशतले हुने नगद लाभांश रु.२८,९२,३४,१२५।०० (अक्षरुपी अठ्ठाईस करोड बयानब्बे लाख चौतिस हजार एक सय पच्चिस मात्र) (लाभांश कर प्रयोजनार्थ समेत) वितरण गर्न स्विकृत गर्ने :** विसौं वार्षिक साधारण सभा प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तीका वन्द हुनु अघि सम्म अर्थात मिति २०७७ पौष १६ गते सम्म कायम शेयरधनीहरुले हाल कायम चुक्ता पूंजिको ५० प्रतिशतले हुने नगद लाभांश रु.२८,९२,३४,१२५।०० (अक्षरुपी अठ्ठाईस करोड बयानब्बे लाख चौतिस हजार एक सय पच्चिस मात्र) (लाभांश कर प्रयोजनार्थ समेत) मात्र नगद लाभांस वितरण गर्न स्विकृत गर्ने निर्णय सर्व सम्मतिले गरियो ।

५. **लेखा परीक्षण समितिको सिफारिस बमोजिम आ.व.२०७७/०७८ का लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने । (सिफारिस भएका एन अमात्य एण्ड कम्पनी, चार्टण्ड एकाउण्टेण्डस् पुन: नियुक्तीका लागि योग्य हुनु हुन्छ ) :** लेखा परीक्षण समितिको सिफारिस बमोजिम कम्पनीको आ.व. २०७७।०७८ को लेखा परीक्षकमा एन अमात्य एण्ड कम्पनी, चार्टण्ड एकाउण्टेण्टस्

रामशाहपथ, काठमाण्डौंलाई नियुक्ती गर्ने र हिमालयन डिष्टिलरी लिमिटेडको लेखा परीक्षण सम्वन्धि कार्य गरे वापत रु. ४,५०,०००।०० (चार लाख पचास हजार मात्र र सहायक कम्पनीहरु:, हिमालयन मल्टी एग्रो लिमिटेड र हिमालयन फिसरीज लिमिटेडको लेखा परीक्षण गरे वापत प्रति कम्पनी रु.२०,०००।०० का दरले गरी जम्मा रु.४,९०,०००।०० (अक्षरुपी चार लाख नब्बे हजार मात्र) पारिश्रमिक निर्धारण गर्ने निर्णय गरियो ।

६. **संचालक समितिले सिफारिस गरे बमोजिम कम्पनी र फुड एण्ड वेभरेज टेक्नोलोजी रिसर्च सेन्टर प्रा.लि.वीचको संसोधित करारनामालाई स्विकृत गर्ने** : प्रस्तुत विषय कम्पनी ऐन, २०६३ को दफा ९३ संग सम्वन्धित देखिएकाले कम्पनी ऐन, २०६३ को दफा ७० बमोजिम प्रस्तुत प्रस्ताव उपर छलफल र निर्णयमा उपस्थित शेयरधनीहरु मध्ये शेयरधनीको हैसियतबाट यस हिमालयन डिष्टिलरीका आधारभूत शेयरधनी आफै वा आधारभूत शेयरधनीको आधारभूत शेयर स्वामित्व भएको अन्य कुनै फर्म, कम्पनी वा अन्य संगठित संस्था वा नीजको नजिकको नातेदार लगायतहरुको प्रतिनिधी/आधिकारिक प्रतिनिधीले सरोकार भएको वा हुने कुनै शर्त बन्देजको सम्वन्धमा हुने छलफलमा र सभामा भाग लिन र मतदात गर्न नपाउने कानूनी व्यवस्था भएको हुनाले सोही अनुरुप श्री आण्टु श्रेष्ठ, सुजास्मी श्रेष्ठ मलेखु र डिल्लीराज न्यौपाने प्रस्तुत प्रस्तावको छलफल र निर्णयमा सरिक हुनु भएन । छलफल तथा निर्णयमा सहभागी रहनु भएका शेयरधनीहरुबाट प्रस्तुत सूचीका सम्वन्धमा निम्न कुराहरु प्रति गहन विश्लेषण गरियो ।

कुनै पनि मदिराको ब्राण्डलाई उपभोक्ताको रोजाई अनुसारको वनाउनका लागि उच्च गुणस्तरको विषेश किसिमको ज्ञान, सीपबाट सजग र शुक्ष्म अध्ययनका साथै अति संवेदनशिल भएर ब्राण्ड विकाश गर्नु पर्ने, सदैव उपभोक्ताको रोजाईमा स्थिर रुपमा रहनका लागि ब्लेण्डको गुणस्तर, स्वाद, वास्ना, Aroma आदिका अवयवहरुका सम्वन्धमा अति नै संवेदनशील भई विचार पुरयाउनु पर्ने हुन्छ । यसका लागि मदिराको Blend बनाउने अनुभव उच्च ज्ञान, सीप, सुक्ष्म अध्ययन, संवेदनशिलता र आधुनिक प्रविधिको प्रयोग समेत आवश्यक पर्दछ । यस हिमालयन डिष्टिलरी लिमिटेड जस्तो मदिरा उत्पादक कम्पनीको लागि यी यावत विषयहरुले अहम महत्व राख्दछ । मदिरा पारखीहरुको लागि मदिराको **Blend** अत्यन्त **Sensitive** हुन्छ । यदि उपभोक्ताको रोजाईमा परेको मदिराको ब्राण्डको गुणस्तर, स्वाद, वास्ना र **Aroma** आदिमा उतार चढाव हुन गएको खण्डमा उपभोक्ताहरु यस्तो ब्राण्डको मदिरा उपभोग गर्न विमूख हुन सक्ने संम्भवाना प्रवल रुपमा रहन्छ । यसलाई अति संवेदनशीलताका साथ नियालिएको हुनाले यस डिष्टिलरीबाट उत्पादित विभिन्न मदिराका ब्राण्डहरुको उत्पादन तथा विकी वितरण भए देखि नै उपभोक्ताहरुको संख्यामा वृद्धि भई उपभोग पनि वढिरहेको छ ।

यस हिमालयन डिष्टिलरी लि. मदिरा तथा मदिराको मुख्य कच्चा पदार्थको रुपमा समेत प्रयोग हुने स्पीरिटहरु (जस्तै ई.एन.ए, रेक्टिफाईड स्प्रीट आदी) उत्पादन गर्ने उद्योग भएको हुदा यसरी यस कम्पनी द्धारा उत्पादन हुने मदिराहरुको बिषयमा खोज गर्ने, ब्लेण्डिङ. कार्य गर्ने, विभिन्न फ्लेभर हरु मिश्रण गरि उच्च गुणस्तरको निश्चित फ्लेभरको विकाश वा सृष्टि गराउने एवं सो उपलब्ध गराउने, अनुशन्धान गर्ने, नयां मदिरा पेय्र पदार्थको विकाश गर्ने, उद्योगको डिष्टिलेशन र फरमेण्टेशन समेतको अध्ययन र अनुसन्धान गरि गुणस्तरमा निरन्तर सुधार ल्याउन कार्य गर्ने, अन्तराष्टिय मदिरा

बजारको अध्ययन गर्ने, लगायतका कार्य उत्पादीत मदिराको सम्पुर्ण गुणस्तरसंग मुलभुत रुपमा जोडिएको तथा उत्पादन हुने मदिरासंग सम्बन्धित अन्यतै महत्वपुर्ण कार्य भएको हुदा बर्षौ देखि यस किसिमको कार्यमा संलग्न रहि बजारको माग तथा बदलिदो उपभोक्ताको स्वादलाई नजिकबाट नियाली यस प्रकारको कार्य र क्षेत्रमा बिशेष दक्षता हासिल गरि सोहि अनुरुपको बौद्धिक ज्ञान र शिप रहेको बिशेषज्ञता समेत भएको कम्पनी मार्फत यी कार्यहरु गर्नु गराउनु अत्यन्त जरुरी रहेको छ । सोहि सन्दर्भमा फुड एण्ड विभरेज टेक्नोलोजि रिसर्च सेण्टर प्रा.लि. यस क्षेत्रमा बर्षौ दखि कार्यरत रहि यस कम्पनीको रोयल ट्रेजर,गोल्डेन ओक, ब्लाक ओक लगायतका ब्राण्डका मदिराहरुको सम्बन्धमा विगत देखि नै आवद्ध रहेको र भविश्यमा पनि कार्यहरु गरि दिनका लागी उक्त कम्पनीलाई अनुरोध गरिएकोमा सकारात्मक जवाफ प्राप्त भएको । साथै यस डिष्टिलरीवाट उत्पादन हुने मदिराहरुको बिषयमा खोज गर्ने, ब्लेण्डिङ. कार्य गर्ने, विभिन्न फ्लेभर हरु मिश्रण गरि उच्च गुणस्तरको निश्चित फ्लेभरको विकाश वा सृष्टि गराउने एवं सो उपलब्ध गराउने, अनुशन्धान गर्ने, नयां मदिरा पेय पदार्थको विकाश गर्ने, उद्योगको डिष्टिलेशन र फरमेण्टेशन समेतको अध्यन र अनुसन्धान गरि गुणस्तरमा निरन्तर सुधार ल्याउन कार्य गर्ने, अन्तराष्टिय मदिरा बजारको अध्ययन गर्ने लगायतका उपरोक्त कार्यहरु गर्नका लागि यस डिष्टिलरी आफैले सम्भव नरहेको, वजारको मागको अध्ययन गरी यी यावत कार्यहरु आफैले गर्नलाई ठूलो परिमाणको लगानी आवश्यक्ता रहेको, विशेष वौद्धिक ज्ञान र सिप सहितको कर्मचारीहरु, Specialized Lab & Equipment को आवश्यक्ता रहेको हुनाले यस डिष्टिलरीलाई हुन सक्ने लाभ र हानीलाई मध्यनजर गर्दा हाललाई उल्लेखित कार्यहरु तथा फ्लेवर खरिद समेतको कार्य यस क्षेत्रमा विशेष दक्षता र अनुभव रहेको फुड एण्ड विभरेज टेक्नोलोजि रिसर्च सेण्टर प्रा.लि. संग करार मार्फत नै गर्दा उपयुक्त हुने भन्ने यकिन गरियो । यसर्थ फुड एण्ड विभरेज टेक्नोलोजि रिसर्च सेण्टर प्रा.लि.बाट उपरोक्त कार्यहरु गर्न गराउन तथा आवश्यक फ्लेवरहरु आपुर्ति समेत गर्नका लागी सम्झौतालाई संशोधन सहित निरन्तरता दिनु कम्पनीको दिर्घकालिन हितमा हुने र उपभोक्ता माझमा यस कम्पनीद्धारा उत्पादित मदिराको उच्च गुणस्तर निरन्तर रुपमा कायम रहि रहने समेत भएकोले सो सम्वन्धि करारनामाको मसौदा तथा शर्त बन्देज सहितको विवरण सभामा प्रस्तुत हुन आएको । सो उपर व्यापक छलफल भई माथि उल्लेखित वस्तुस्थिती र विश्लेषणका आधारमा कम्पनीको दीर्घकालिन हितलाई मध्यनजर गर्दा मदिरा अनुसन्धान, विकाश, ब्लेण्डिङ्ग कार्य तथा फ्लेवर खरिद विकी सम्वन्धि संलग्न करारनामा स्विकृत गर्ने निर्णय गरियो । साथै उक्त कम्पनी संगको अद्यावधिक कारोवारलाई अनुमोदन समेत गरियो ।

७. **संचालक समितिको सदस्यहरुको वैठक भत्ता वृद्धि गर्न स्विकृत गर्ने वारे :** संचालक समितिका अध्यक्ष तथा वैठकको अध्यक्षता गर्नेलाई प्रति वैठक रु.१८,०००।००(अठार हजार) र अन्य उपस्थित संचालकहरुलाई प्रति वैठक रु.१५,०००।००(पन्ध्र हजार) उपलब्ध गराउने सर्व सम्मत निर्णय गरियो।

८. **संचालक नियुक्तीलाई अनुमोदन गर्ने वारे :** कम्पनी संचालक समितिले रिक्त रहेको संचालक पदमा जिल्ला काठमाण्डौं, का.म.न.पा. वार्ड नं. १ वस्ने श्रीमति याङकिला (शेर्पा) रुईटलाई नियुक्ती गरेकोमा सो नियुक्तीलाई सर्व सम्मत रुपमा अनुमोदन गरयो । स्वतन्त्र संचालकमा जिल्ला, ललितपुर, ललितपुर महानगरपालिका वार्ड नं. ३ वस्ने प्रकाशमणी घिमिरेकोको नियुक्तीलाई समेत यस सभाबाट अनुमोदन गरियो ।

**विषेश प्रस्तावहरु:**

१. **कम्पनीको जारी पूजिं वृद्धि गर्न स्विकृत गर्ने बारे :** कम्पनीको साविकको जारी पूजिंलाई तपशिलमा उल्लेख भए बमोजिम पुरयाउने निर्णय सर्व सम्मत गरियो । यस निर्णय बमोजिम कम्पनीको प्रवन्ध पत्रको दफा ५(ख) र नियमावलीको नियम ५(ख) मा देहाय अनुसार संसोधन गर्ने ।

**प्रवन्ध पत्रको दफा ५(ख) मा कायम हुने व्यवस्था :**

कम्पनीको जारी पूजिं रु.८६,७७,०२,३७५।००(अक्षरुपी छयासी करोड सत्तहत्तर लाख दुई हजार तीन सय पचहत्तर ) हुनेछ ।

**नियमावलीको नियम ५(ख) मा कायम हुने व्यवस्था :**

कम्पनीको जारी पूजी मध्ये रु.८६,७७,०२,३७५।००(अक्षरुपी छयासी करोड सत्तहत्तर लाख दुई हजार तीन सय पचहत्तर ) हुनेछ ।

२. **संचालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पूजिंको ५० प्रतिशतका दरले हुने रु. २८,९२,३४,१२५(अक्षरुपी अठ्ठाइस करोड वयानव्वे लाख चौतिस हजार एक सय पच्चिस मात्र) ( कायम दुई शेयरमा एक वोनस शेयर) वरावरका बोनस शेयर वितरण गर्न स्विकृत गर्ने :** विसौं वार्षिक साधारण सभा प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तीका वन्द हुनु अघि सम्म अर्थात मिति २०७७ पौष १६ गते सम्म कायम शेयरधनीहरुलाई चुक्ता पूंजिंको ५० प्रतिशत ( हाल कायम दुई शेयरको एक वोनस शेयर) का दररले रु.२८,९२,३४,१२५।०० (अक्षरुपी अठ्ठाईस करोड वयानब्वे लाख चौतिस हजार एक सय पच्चिस मात्र) को वोनस शेयर वितरण गर्ने निर्णय सर्व सम्मतिले स्विकृत गरियो ।

३. **कम्पनीको प्रवन्ध पत्रको दफा ५(ख), ५(ग) र नियमावलीको नियम ५(ख), नियम ५(घ), नियम ५(ङ), नियम ६, नियम ६(क), नियम १३(ग) र नियम १३(ण) को (छ) मा संसोधन तथा थप व्यवस्था कायम गर्ने :** प्रस्ताव भए बमोजिम कम्पनीको नियमावलीको नियम ६(क) मा कायम व्यवस्थालाई रद्ध गरी तपशिलमा उल्लेख भए बमोजिम कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा संसोधन तथा थप व्यवस्था कायम गर्नु पर्ने देखिएको हुनाले साविकमा कायम भएको व्यवस्थाको सट्टामा तपशिल बमोजिम कायम गर्ने निर्णय सर्व सम्मत रुपमा निर्णय गरियो ।

**प्रवन्ध पत्रको दफा ५(ख) :-** कम्पनीको जारी पूजिं रु.८६,७७,०२,३७५।००(अक्षरुपी छयासी करोड सत्तहत्तर लाख दुई हजार तीन सय पचहत्तर ) हुनेछ ।

**प्रवन्ध पत्रको दफा ५(ग) :** -कम्पनीको जारी पूजिं मध्ये रु.८६,७७,०२,३७५।०० (अक्षरुपी छयासी करोड सत्तहत्तर लाख दुई हजार तीन सय पचहत्तर मात्र) को साधारण शेयर हुनेछ ।

**नियमावलीको नियम ५(ख), नियम ५(घ), नियम ५(ङ), नियम ६, नियम ६(क), नियम १३(ग) र नियम १३(ण) मा कायम व्यवस्था :**

**नियमावलीको नियम ५(ख)** : कम्पनीको जारी पूजिं रु.८६,७७,०२,३७५।००(अक्षरुपी छयासी करोड सत्तहत्तर लाख दुई हजार तीन सय पचहत्तर ) हुनेछ ।

**नियमावलीको नियम ५(घ):** कम्पनीले आफनो जारी पूजिं मध्ये ८६,७७,०२३.७५कित्ता साधारण शेयर विभाजन गरी जारी गर्नेछ । हाल प्रिफरेन्स शेयर सम्वन्धि व्यवस्था गरेको छैन ।

**नियमावलीको नियम ५(ङ)** : कम्पनीले तत्काल जारी गरेको पूजिंलाई जम्मा ८६,७७,०२३.७५ थान साधारण शेयरमा विभाजन गरिनेछ ।

**नियमावलीको नियम ६.** : यस कम्पनीको संचालक समितिमा एक जना स्वतन्त्र संचालक सहित ६ जना संचालकहरु रहनेछन् र निजहरुको कार्यकाल चार वर्षको हुनेछ ।

**नियमावलीको नियम १३(ग)** : कम्पनीको साधारण सभामा वांडफाड भएको कुल शेयर शंख्याको पचास प्रतिशत भन्दा वढिको शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनी मध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वंय वा आफनो प्रतिनिधि मार्फत उपस्थित भएमा सभा गर्न सक्नेछ । सभा गर्न गणपुरक शंख्या नपुगेको कारणवाट दोस्रो पटक सभा वोलाउदा वांडफाड भएको कुल शेयर शंख्याको पचिस प्रतिशत शेयरको प्रतिनिधित्व र तीन जना शेयरधनी स्वयं वा प्रतिनिधि मार्फत उपस्थित भएमा सभा गर्न सकिने छ । विशेष साधारण सभा भने ऐनमा उल्लेख भए बमोजिम हुनेछ । सभामा शेयरधनीहरु भौतिक रुपमा वा विद्युतीय माध्यम प्रयोग गरी Virtual उपस्थित हुन सक्नेछन ।

**नियमावलीको नियम १३(ङ):** संचालक समितिको नियुक्ती कम्पनी ऐन २०६३ को अधिनमा रहि गरिनेछ । कुनै संचालकको पदावधि छदै पद रिक्त हुन आएमा सो पदमा वांकी अवधिको लागि संचालक समितिले नियुक्ती गर्नेछ ।

**नियमावलीको नियम १३(ण) को (६):** संचालक समितिको वैठक विद्युतीय संचार माध्यम प्रयोग गरी Virtual उपस्थित भएर पनि वस्न सक्नेछ । वैठकमा वहुमत संचालकहरुको स्वयं उपस्थिती अनिवार्य हुनु पर्नेछ । वहुमत संचालक समितिका सदस्यको उपस्थिती नभएमा वैठक वस्न सक्ने छैन ।

**४.वोनस शेयर वितरणबाट कम्पनीको साविक चुक्ता पूंजिं रु.५७,८४,६८,२५० (अक्षरुपी सन्ताउन्न करोड चौरासी लाख अड्सठ्ठी हजार दुई सय पचास) लाई वृद्धि गरी रु.८६,७७,०२,३७५।००(अक्षरुपी छयासी करोड सत्तहत्तर लाख दुई हजार तीन सय पचहत्तर) वनाउन प्रवन्ध पत्र तथा नियमावलीमा शंसोधन गर्ने** : सर्व सम्मत वोनस शेयर वितरण स्विकृत पश्चात हाल कायम कम्पनीको चुक्ता पूजिं रु.५७,८४,६८,२५० (अक्षरुपी सन्ताउन्न करोड चौरासी लाख अड्सठ्ठी हजार दुई सय पचास) लाई वाट रु.८६,७७,०२,३७५।००(अक्षरुपी छयासी करोड सत्तहत्तर लाख दुई हजार तीन सय पचहत्तर) पुग्ने हुनाले सो अनुसार गर्नका लागि कम्पनीका प्रवन्ध पत्र तथा नियमावलीमा शंसोधन गर्ने निर्णय सर्व सम्मत गरियो ।

५.कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा हुने संसोधन र जारी पूजिं वृद्धि सम्वन्धि भएको निर्णय बमोजिमको संसोधन सम्वन्धमा नियमनकारी निकायबाट कुनै फेरवदल सुझाव आएमा सो सुझाव अनुसार गर्न संचालक समितिलाई अख्तियार प्रदान गर्ने : कम्पनीको विसौ वार्षिक साधारण सभामा भएको निर्णय अनुसार कम्पनीका प्रवन्ध पत्र तथा नियमावलीमा आवश्यक फेरवदल वा संसोधन, थप आदिका विषयमा अभिलेख गर्ने कममा नियमनकारी निकायबाट कुनै संसोधन, राय सुझावहरु आएमा सो सुझाव अनुसार गर्नका लागि यस कम्पनीको संचालक समितिलाई सम्पूर्ण अख्तियारी दिने निर्णय सर्व सम्मतबाट पारित गरियो ।

६. आ.व.२०७७।०७८ को लागि कम्पनी ऐन २०६३ को दफा १०५ (ग) ले व्यवस्था गरे भन्दा वढिको खर्चलाई पूर्व स्विकृतीको लागि विषेश प्रस्ताव पारित गर्ने : प्रस्तुत विषयमा छलफल गर्दा गत वर्षको उन्नाईसौं वार्षिक साधारण सभावाट आ.व. २०७६।०७७ को लागि पूर्व स्विकृत भएको रु.१५,००,०००।०० (पन्ध्र लाख) मध्ये रु. ८,१२,८०२।०० मात्र यस शिर्षकमा खर्च भएको प्रस्तुत वर्षको आय व्याय विवरणबाट देखिएकोले आ.व.२०७७।०७८ को लागि रु.१५,००,०००।०० सम्मको खर्च गर्न पाउने गरी पूर्व स्विकृती उपलब्ध गराउने निर्णय सर्व सम्मत गरियो ।

(ग).विविध : साधारण सभाको सूचना अनुसार कुनै विषयहरुमा जिज्ञासाहरु प्राप्त नभएको सभालाई जानकारी गराईयो ।

अन्तिममा उपस्थित सम्पूर्ण शेयरधनीहरु,आगन्तुक पाहुनाहरु, कम्पनीका पूर्व अध्यक्ष, पूर्व प्रवन्ध संचालक, कम्पनी व्यवस्थापनका व्यवस्थापक, सुरक्षा निकायका प्रतिनिधिहरु, पत्राकारहरु र कम्पनीमा श्रमिकहरुलाई सभामा सहभागी हुनु भएकोमा धन्यवाद ज्ञापन गर्दै र पूर्व संचालक सदस्यहरुबाट सदैव सहयोग र सुझावहरुको अपेक्षा गर्दै आजको सभा समापन गर्नु भई सवै आगन्तुकहरुलाई कम्पनीले आयोजना गरेको जलपानमा सहभागी हुनका लागि अनुरोध गर्नु भयो ।

.................................

अखिलेश्वर प्रसाद सिंह
संचालक समितिका अध्यक्ष तथा यस सभाका सभापति
मिति: २०७७।०९।२९
कम्पनीको छाप:

.................................

नेत्र प्रसाद तिम्सीना
कम्पनी सचिव
मिति: २०७७।०९।२९